## म कहाँ सहयोग पाउन सक्छु?

| आकस्मिक अवस्थामा यो नम्बरमा फोन गर्नुहोस्: | |
|---|---|
| एम्बुलेन्स | 000 (तीन शुन्य) |
| पुलिस | 000 (तीन शुन्य) |
| पुलिस | 131 444 (गैर-आकस्मकि सहायताको लागि) |

| सल्लाह, जानकारी वा मद्दतको लागि फोन गर्नुहोस्: | |
|---|---|
| महिला स्वास्थ्य सेवा | 8444 0700 |
| घरेलु हिंसा सेवाहरू | 1800 737 732 |
| Yarrow Place (बलात्कार र यौन दुर्व्यवहार सेवा) | 8226 8787 |
| ननकुवारिन युन्ती (Nunkuwarrin Yunti) (आदिवासी स्वास्थ्य) | 8406 1600 |
| पुरूषलाइन (Mensline) अष्ट्रेलिया | 1300 789 978 |
| लाइफलाइन (Lifeline) | 13 11 14 |
| TIS (टेलिफोन दोभाषे सेवा) | 131 450 |
| मानसिक स्वास्थ्य ट्रायज | 13 14 65 |

| यदि तपाईंको बच्चा/युवा वयस्कलाई सहायता वा मद्दत आवश्यक भएमा निम्न नम्बरमा फोन गर्नुहोस्: | |
|---|---|
| महानगर युवा स्वास्थ्य Metropolitan Youth Health | 8255 3477 |
| बच्चा र किशोरकिशोरी मानसिक स्वास्थ्य सेवा (Child & Adolescent Mental Health Service) | 1300 222 647 |
| बच्चाहरू मद्दत लाइन (Kids Help Line) | 1800 55 1800 |

### प्रहरी

तपाईंके भोगेको घटनाको लागि तपाईंले पुलिससँग मद्दत लिन सक्नुहुन्छ। घाँटी निमोठ्नु एउटा हिंसा हो र कानूनको विरूद्व हो। प्रहरीले रिपोर्ट बनाउन सक्दछ र तपाईंलाई सुरक्षित रहन मद्दत गर्न सक्छ।

### स्वास्थ्य सेवा

तपाईंले पेशेवर स्वास्थ्यकर्मीसँग के भएको थियो भन्ने बारेमा कुरा गरेर मद्दत प्राप्त गर्न सक्नुहुन्छ। तिनीहरूले तपाईंको चोटपटक जाँच गर्न सक्छन् र तपाईंलाई सुरक्षित रहन मद्दत गर्दछन्।

### सांस्कृतिक रूपमा उपयुक्त

यी धेरैंजसो सेवाहरू सबै सांस्कृतिक पृष्ठभूमिका पुरूष र महिला दुवैका लागि उपलब्ध छन्

## गोपनीयता

**तपाईंको सुरक्षा हाम्रो लागि महत्वपूर्ण छ। तपाईंले हामीलाई बताउनुभएको जानकारी तपाईंलाई आक्रमण गर्ने व्यक्ति वा उनीहरूसँग जोडिएका अरू कुनै व्यक्तिसँग (जस्तै उनीहरूको परिवार वा साथीहरू) बाँडिने छैन्।**

CC BY NC ND
https://creativecommons.org/licenses
© स्वास्थ्य तथा कल्याण विभाग (Department for Health and Wellbeing), दक्षिण अष्ट्रेलिया सरकार । सर्वाधिकार सुरक्षित । अप्रिल 2020 । (DM 734) पीडितको अधिकारका लागि आयुक्त (Commissioner for Victims' Rights) बाट अनुदान प्राप्त।

Government of South Australia
Women's and Children's Health Network

# Nepali

## के तपाईंको घाँटी निमोठिएको छ?

यदि तपाईंले कसैबाट हिंसा वा दुर्व्यवहार भोग्नु भएको छ भने, तपाईंलाई घाँटी निमोठिएको हुन सक्छ वा घाँटी निमोठिने खतरा हुन सक्छ।

- घाँटी निमोठ्नु एकदम डरलाग्दो हुन सक्छ।
- सहमतिविना घाँटी निमोठ्नु दक्षिण अष्ट्रेलियामा अपराध हो।

यस पर्चाले तपाईंलाई घाँटी निमोठ्नुको जोखिम र उपलब्ध सहयोगबारे बुझ्न मद्दत गर्छ।

## घाँटी निमोठ्नु भनेको के हो?

- जब तपाईंको घाँटीमा दबाब दिइन्छ जसको कारण तपाईंलाई श्वास फेर्न नसक्ने बनाउँछ त्यसलाई तपाईंको घाँटी निमोठिएको मानिन्छ।
- यसले तपाईंको दिमागमा र त्यहाँबाट अन्यत्र अक्सिजन र रगतको प्रवाहलाई कम गर्न वा रोक्न सक्दछ।
- कहिलेकाँही व्यक्तिहरू यसलाई "चोकिङ्ग" अर्थात् निस्सासिनु पनि भन्छन्।
- घाँटी विभिन्न तरिकाले दबाइन सक्छ - तपाईंको घाँटीवरिपरि एक हात वा हातहरू राखेर, वा तपाईंको घाँटीमा डोरीजस्तो केही चिज प्रयोग गरेर। यदि तपाईंको घाँटीमा वा तपाईंको मुख र नाकमा केहीले थिचियो भने पनि यस्तो हुन सक्छ।

## के घाँटी निमोठ्नु खतरनाक हुन्छ?

हो। घाँटी निमोठ्नु जीवनलाई जोखिममा पार्ने आक्रमण हो। यदि तपाईंलाई घाँटी निमोठिदा तपाईंलाई यस्तो हुन सक्छ:

- यो लात्ती हान्ने वा मुड्की हान्नेजस्ता शारीरिक हिंसाका अन्य प्रकारहरूभन्दा बढी खतरनाक हुन सक्छ।
- यदि तपाईंलाई तपाईंको साथी वा पूर्व पार्टनरले घाँटी निमोठिएको छ भने भविष्यमा तपाई गम्भीररूपमा घाइते हुने वा मारिने खतरामा हुनुहुन्छ।
- जब तपाईंको मस्तिष्कले पर्याप्त अक्सिजन पाउँदैन मस्तिष्कमा चोट लाग्न सक्छ - छोटो समयको लागि अक्सिजन नपाए पनि।
- घाँटी निमोठिएपछिका यी चोटहरू घण्टा, दिन वा हप्ता दिनपछि पनि खराब हुन सक्छन्
- जति धेरै चोटि तपाईंको घाँटी निमोठीन्छ यो झन् खतरनाक हुन्छ।
- यदि तपाईं गर्भवती हुनुहुन्छ भने घाँटी निमोठिएमा तपाईंको गर्भलाई हानी पुग्न सक्छ।

**हिंसा वा दुर्व्यवहार भोगेका धेरैं व्यक्तिको घाँटी निमोठिएको हुन्छ। घाँटी निमोठ्नु अर्को व्यक्तिलाई चोट पुर्‍याउने र नियन्त्रण गर्ने सामान्य तरिका हो। यो धेरै खतरनाक पनि हो र भविष्यमा हुन सक्ने हानिको चेतावनी संकेत पनि हो।**

## यदि मेरो घाँटी निमोठिएको छ भने मलाई के हुन्छ?

अधिकांश व्यक्ति घाँटी निमोठिएपछि बाँच्न सक्छ तर तपाईंलाई स्वास्थ्य समस्या भइरहन सक्छ। जतिसक्दो चाँडो चिकित्सा सहयोग लिन महत्वपूर्ण छ यदि:

- तपाई गर्भवती हुनुहुन्छ
- तपाईंलाई सास फेर्न वा निल्न समस्या छ
- तपाईंको घाँटी दबाइँदा तपाई बेहोस हुनु भयो
- तपाईंको रातो वा रगत भरिएका आँखाहरू छन्
- तपाईंलाई बोल्न समस्या छ वा तपाईंको आवाज परिवर्तन भएको छ
- तपाई खोक्दै हुनुहुन्छ वा घाँटी वा गर्द्नमा दुखाइ/सिन्निएको छ
- तपाई बान्ता गर्नुहुन्छ वा बान्ता आएको जस्तो महसुस गर्नुहुन्छ
- तपाईंलाई चक्कर आउँछ, टाउको हल्का भएको (बेहोस हुने) जस्तो हुन्छ, तपाईंको कान बजिरहेको छ वा टाउको दुख्छ
- तपाईंको सोचाइमा परिवर्तन भएको छ (स्मरण हराउने, अन्योलता, मिश्रित वा छटपट महसुस हुने)
- तपाई आफ्नो शरीर वा अनुहारको एक छेउमा कमजोर, लाटो वा झोल्लिएको महसुस गर्नुहुन्छ

**घाँटी निमोठ्नु एकदम खतरनाक हुन्छ। तपाईंका लक्षणहरू जाँच्न मद्दत गर्न यदि सक्नुहुन्छ भने केही दिनका लागि तपाईंको विश्वासिलो मान्छेसँग रहनुहोस्। यस पर्चाको पछाडि सूचीबद्ध सेवाहरूबाट सल्लाह लिनुहोस् र आवश्यक परेको खण्डमा चिकित्सा सहायता लिनुहोस्।**



## मैंले के गर्नुपर्छ?

- तपाईंलाई सल्लाह दिन सक्ने कसैसँग कुरा गर्नुहोस्। यस पर्चाको पछाडि फोन नम्बरहरू छन्।
- यदि तपाईं गर्भवती हुनुहुन्छ भने डाक्टर वा विशेषज्ञ देखाउनुहोस्।
- कुनै पनि लक्षण छन् भने डाक्टर वा विशेषज्ञ देखाउनुहोस्। उनीहरूलाई थाहा दिनुहोस् कि तपाईंलाई घाँटीमा निमोठिएको थियो ताकि तिनीहरूले तपाईंलाई कसरी राम्रोसँग मद्दत गर्ने थाहा हुन्छ।
- यदि तपाई सक्नुहुन्छ भने आफ्नो विश्वासिलो मान्छेको साथमा रहनुहोस्।

## डाक्टरलाई देखाउन जाँदा के हुन सक्छ?

यो घटनामा निर्भर गर्दछ र साथैं तपाईंको घाटीं निमोठिदा भएका चोटहरू र यो घटना कति पहिला भएको थियो त्यसमा भर पर्छ। तपाईंलाई विशेष परीक्षणहरू गर्नुपर्ने हुन सक्छ वा यी विशेषज्ञ डाक्टरहरू भेट्न पर्ने हुन सक्छ:

- घाँटीको सीटी (CT)/एंजियोग्राम – यो परीक्षणले रक्तनलीहरू, तपाईंको दिमाग र तपाईंको टाउको र घाँटीको हड्डीहरूको जाँच गर्दछ।
- एमआरआई (MRI) – यो परीक्षणले तपाईंको घाँटी र मस्तिष्कको कोमल तन्तु (मांसपेशीहरू, स्नायुहरू र रक्तबाहिका नलीहरू) मा हेर्छ।
- इएनटी (ENT) विशेषज्ञ – यो डाक्टरले तपाईंको घाँटी र श्वासमार्ग जाँच गर्दछ।
- ओब्स्टेट्रिसियन (प्रसूति विशेषज्ञ) – यदि तपाई गर्भवती हुनुहुन्छ भने यो चिकित्सकले तपाईंको गर्भावस्थाको जाँच गर्छ।

तपाईंको डाक्टर (GP), आकस्मिक विभागका डाक्टर, विशेषज्ञ वा अन्य स्वास्थ्य सेवाले कुनै पनि चोटको लिखित विवरण तयार गर्न सक्दछ र यदि तपाई पुलिसको सहायता लिन चाहनुहुन्छ भने त्यसको प्रयोग हुन सक्छ। तपाईंको स्वास्थ्य र भलाइलाई सहयोग गर्न यसले उपयोगी हुन सक्छ।



**यदि तपाईंको घाँटीमा कुनै दाग छैन् भने तपाई ठीक हुनुहुन्छ जस्तो लाग्न सक्छ। तर गम्भीर चोटपटक छालामुनि तपाईंले थाहैं नपाई हुन सक्छ। सीधैं तुरून्त मेडिकल सहायता लिन निकै महत्त्वपूर्ण छ।**